सत्यको लागि चुक्दैनौं
झुक्दैनौं हामी...

# प्रदेश समाचार

Pradeshsamachar Daily

दैनिक

बर्ष ३ अंक २५२ २०८२ जेष्ठ ०३ गते शनिवार    मूल्य ५/-    पृष्ठ सङ्ख्या ४

बेटी पढाऔ, बेटी बचाउ
गौर नगरपालिका
गौर, रौतहट

## रौतहटमा मापदण्ड विपरित खोलाहरूलाई जिल्ला अनुगमन समितिका पदाधिकारीहरूद्वारा स्थलगत निरीक्षण

रौतहट, २ जेठ । रौतहटका विभिन्न स्थानीय तहहरुले मातहतका विभिन्न खोलाहरुबाट खोलाजन्य पदार्थको निकासीको लागि मापदण्ड विपरित लगाएका ठेक्का लगाएपछि ठेक्केदारहरु मेशिन प्रयोग गरेर अबैध दोहन कार्य जारी राखेको कुराहरु बाहिरिदा नियमन गर्न जिल्ला अनुगमन समितिद्वारा अनुगमन निरीक्षण गरेका छन् ।

जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला अनुगमन समितिका संयोजक, प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकायका प्रमुखहरुले शुक्रवार विहान वागमती सहित विभिन्न नदीमा भईरहेको उत्खनन एवं दोहनको अवस्था वारे स्थलगत रुपमा उपस्थित भई अनुगमन निरीक्षण गरेका हुन् ।

बागमती नदीबाट अवैध रुपमा नदीजन्य पदार्थहरु गिट्टी, मिक्सग्राभेल र बालुवाको उत्खनन भइरहेको तथा तोकिएको भन्दा बढी उत्खनन भएको गुनासो आएपछि जिल्ला समन्वय समिति प्रमुख, प्रमुख जिल्ला अकिारी, नेपाल प्रहरीका एसपी, सशस्त्र प्रहरीका एसपी, राष्ट्रिय अनुसन्धानका उप निर्देशक सहित सम्मिलित पदाधिकारीहरुले आज विहान निरीक्षण गरेको बताइएको छ ।



वृन्दावन नगरपालिका स्थित बागमती नदीको रमौली, विश्रामपुर, हरैया पल्टुवा, गढिमाई नगरपालिकाको समनपुर लगायतका विभिन्न घाटहरुको स्थलगत अनुगमन निरीक्षण गरेको छ ।

स्थानीय तहहरूको सिमाना तथा क्षेत्राधिकारमा पर्ने नदीबाट नदीजन्य पदार्थ बालुवा, गिट्टी, ढुंगा, ग्रेबल निकाल्न लगाइएको ठेक्का अनुरूप ठेक्का सकार गरेका व्यवसायीले वातावरणमा प्रभाव नपर्ने गरी कार्य गरेका छन् वा सो विपरीत कार्य गरिरहेको सन्दर्भमा जिल्ला अनुगमन समितिका पदाधिकारीबाट बागमती नदीको संयुक्त अनुगमन निरीक्षण गरिएको रौतहटका प्रमुख जिल्ला अधिकारी विनोद कुमार खड्काले बताए ।

अनुगमनको क्रममा टोलीले नियम विपरीत नदीजन्य पदार्थ उत्खनन नगर्न सम्बन्धित व्यक्तिलाई सचेत गराए । वातावरणमा प्रतिकूल असर नपर्ने गरी नदीजन्य वस्तु निकाल्न आग्रह गर्दै

बाकी समाचार ४ पेजमा

## कलैयामा अत्याधुनिक ब्लड बैंक संचालनमा , उपराष्ट्रपति यादवले गरे उद्घाटन

बारा जिल्लाको सदरमुकाम कलैयास्थित प्रादेशिक अस्पतालमा अत्याधुनिक सुविधासम्पन्न ब्लड बैंक भवनको औपचारिक उद्घाटन सम्पन्न भएको छ। बुधबार एक भव्य समारोहका बीच सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवले ब्लड बैंकको उद्घाटन गर्नुभएको हो।छाया नेपाल नामक संस्थाले १ करोड १० लाखको लागतमा निर्माण गरेको उक्त ब्लड बैंकको साँचो प्रादेशिक अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रकाश चौगाईलाई हस्तान्तरण गरिएको छ। कार्यक्रममा बोल्दै उपराष्ट्रपति यादवले स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अझै परिपूर्ण हुन बाँकी रहेको उल्लेख गर्नुभयो। उहाँले ब्लड बैंक स्थापनाबाट कलैया तथा आसपासका बासिन्दालाई समयमा र गत उपलब्ध भई जीवनरक्षामा ठुलो भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। विशेषगरी गर्भवती महिलाहरूले रगत अभावका कारण भोग्नुपर्ने समस्याबाट मुक्ति मिल्नेमा पनि उपराष्ट्रपति यादवले आशा व्यक्त गर्नुभयो। कार्यक्रममा बोल्दै मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री सत्रुधन सिंहले प्रादेशिक अस्पतालहरूमा देखिएको समस्या समाधानका लागि प्रदेश सरकार निरन्तर क्रियाशील रहेको बताउनुभयो। उहाँले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा प्रादेशिक अस्पतालहरूको जिर्ण भवन निर्माण समावेश गरिने जानकारी दिनुभयो। बारा क्षेत्र नं. ३ की सांसद ज्वालाकुमारी साहले कलैया प्रादेशिक अस्पतालले आफूलाई नयाँ जीवन दिएको स्मरण गर्दै अस्पताल सुधारका लागि निरन्तर खटिरहेका चिकित्सकहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो। फरक प्रसंगमा बोल्दै नगरप्रमुख साहले प्रदेश सरकारका मुख्यमन्त्रीमाथि गम्भीर आरोप लगाउँदै मुख्यमन्त्री सतिश सिंहले राणाकालिन शासन शैलीमा काम गर्न खोजेको आरोप लगाउनुभयो। उहाँका अनुसार, हालसम्म छाया नेपालले १२ भन्दा बढी स्वास्थ्य संस्थाको निर्माण सम्पन्न गरिसकेको छ। ब्लड बैंक निर्माण पनि त्यही प्रतिबद्धताको निरन्तरता भएको उहाँले बताउनुभयो।कलैया प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अजय गुप्ताले पहिलेदेखि ३ सय युनिट मात्रै रक्तसङ्कलन हुँदै आएकोमा अब एक हजार युनिट रगत संकलन गर्न सकिने लक्ष्य लिएको जानकारी दिनुभयो। अस्पतालको सेवा निरन्तर सुधार भइरहेको उल्लेख गर्दै डा. गुप्ताले प्रदेश सरकारको साथले अझ प्रभावकारी सेवा दिन सकिने विश्वास व्यक्त गर्नुभयो। विस्तार गरिएको जानकारी दिनुभयो। उक्त उद्घाटन समारोहमा सबिधान सभा सदस्य प्रमोद गुप्ता , महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र प्रसाद यादव, सिम्रौनगढ नगरपालिकाका नगरप्रमुख किशोरी प्रसाद कलवार, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी , छाया नेपालका निर्देशक कमल थापा , प्रियका ठाकुर , स्थानीय संयोजन राजेश साह , प्रहरी उपरीक्षक सन्तोष तामाङ्ग सरकारी तथा गैरसरकारी क्षेत्रका विभिन्न प्रतिनिधि, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, पत्रकार, सामाजिक अभियन्ता तथा स्थानिय बासिन्दाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रम संचालन पत्रकार लक्ष्मी खरेलले गर्नुभएको थियो ।

राजदेवी नगरपालिका द्वारा
जनहितमा जारी सन्देश

१. होटल तथा घरहरुमा खाना बनाई सकेपछी राम्ररी आगो तथा ग्यास निभाउ ।
२. चुरोट सल्काई जथा भावि नफालौं ।
३. ग्यास चुलोको काम सकी सके पछी रेगुरेटर जहिले पनि बन्द गरौं ।
४. जथा भावि आगो नबालौं ।
५. आगो बालिसके पछी राम्ररी निभाउ।
६. पसल वा कोठा वन्द गर्दा जहिले पनि स्विच बन्द गरौं ।
७. पेट्रोलियम पदार्थ, तथा ग्यास सिलेन्डरको वरी परी आगो नबालौं ।
८. मछर धूप जथाभावि नवालौं सुरक्षित तरिकाले बालौ।
९. सलाई र लाईटर बच्चाहरुको पहुंच बाट टाढा राखौं ।
१०. आगो लागेको वेला लिफ्टको प्रयोग नगरी सिढी प्रयोग गरौं।

भिखारी राय यादव
नगर प्रमुख

गौर नगरपालिका द्वारा
जनहितमा जारी सन्देश

१. हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं ।
२. हावाहुरी चल्न थालेपछि झ्याल ढोका बन्द गरौ ।
३. छतका गमला सुरक्षित रुपमा राखौ ।
४. जस्तापाता लगायतका वस्तुहरु खुला नछाडौ ।
५. सवारी साधनमा रहदा हावाहुरी चलेमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौ ।
६. हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔ ।

शम्भु साह
नगर प्रमुख

प्रकाशक :-दिलिप कुमार पाण्डेय
सम्पादक :-पुष्पराज यादव
कानुनी सल्लाहकार :-नन्दभुषण श्रीवास्तव
कार्यालय :- गौर नगरपालिका-७ रौतहट
कम्पयुटर सेटिंग :-राहुल पाण्डेय
मोवाईल नं. :- ९८५५०४४५३६,
इमेल :
pradeshsamachardainik@gmail.com
मुद्रक :- हेमा पब्लिकेशन गौर रौतहट

## मल गोदाममै थन्कियो, किसान हेरेको हेर्‍यै

मधेश प्रदेशको रौतहट चन्द्रपुरमा एक सहकारीले रासायनिक मल बाँड्ने भनेपछि किसान लाइन लागे, अनि पाए १५ किलो मल । सरकारले अनुदानमा दिने रासायनिक मल स्थानीय तहमार्फत कृषि सहकारीले बाँड्ने गरेका छन् । कोटा छुट्याएर मल वितरण गर्दा किसान लाइनमा उभिएर लिने गर्छन् । ‘नागरिकता देखाएर एक घरलाई १५ किलो मल दिने गरेको छ । अहिले चैते धानका लागि १५ किलो र पछि थप दिने भनेको छ, त्यही अनुसार मल लिन लाइन लाग्नुपर्छ,’ किसान सज्जनकुमार तिमल्सिना भन्छन् । उनी जस्तै मकवानपुर बकैया गाउँपालिकाका नवीन घोरासैनी पनि रासायनिक मल नपाउँदा समस्यामा परेको सुनाउँछन् । ‘मकैमा पहिलो लट मल हाल्ने बेला भयो तर पाइएको छैन । अहिले मल हालेर गोडिएन भने घोगा लाग्दैन,’ उनी भन्छन् । ‘खै मल त आइर हेको छ भन्ने सुनिन्छ तर हामीले पाएका छैनौं, मलको समस्या प्रत्येक वर्ष उस्तै छ । सरकारले मल कारखाना खोल्छु भन्छ, मलमा समस्या हुँदैन भन्छ तर ज्युँका त्युँ समस्या छ,’ उनले भने । घोरासैनीले अर्गानिक खेतीको मूल्य र बजार पाए रासायनिक मल नै प्रयोग नगर्ने बताए । ‘रासायनिक मल दिनै पर्दैन तर अर्गानिक खेती गरेर निकालेको बाली, तरकारीको मूल्य रासायनिक मल, विषादी हालेको भन्दै धेरै दिइयोस्, बजार सुनिश्चित होस्,’ उनी भन्छन् । काभ्रेका अगुवा किसान सुमन नेपालले रासायनिक मलको हाहाकार नभए पनि किसान लाइनमा उभिनुपरेको सुनाउँछन् । ‘मल नै नपाएको होइन तर कोटा तोकेर आएको मल जहिले लिन गए पनि पाइन्छ भन्नेमा किसान ढुक्क छैनन्, त्यही भएर लाइन बसेर मल लिइरहेका छन्,’ उनले भने, ‘सरकारले मलमा आवश्वस्त बनाउन नसक्दा केही किसानले भण्डारण धेरै गर्ने गरेका छन् ।’आम जनता पार्टी (आजपा) सांसद प्रभु साहले मल नदिएर सरकारले किसानमाथि अन्याय गरेको बताएका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा उनले भने, ‘बाली लगाउने बेला किसानले मल पाइरहेका छैनन् ।’ मल पाउँदा पनि सरकारले दिने पसलमा नभएर अन्यत्रै महँगोमा मात्रै पाउने अवस्था रहेको उनले बताए । ‘मल पाए पनि दुई गुणा तीन गुणा बढीमा पाइरहेका छन् । त्यो सरकारले दिने ठाउँमा नभएर अन्यत्रै,’ उनले भने, ‘सरकारले मल नदिएर किसानमाथि अन्याय गरि रहेको छ ।’ नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले कोटा प्रणाली मार्फत किसानलाई मल वितरण गर्ने कार्य व्यावहारिक र सहज नभएको बताएका छन् । किसानलाई लुटेर महल जोड्ने काम भइराखेको भन्दै उनले यस्तो कार्य रोकिनुपर्ने माग गरे । पहाडमा मकै छर्ने बेला रहेको उल्लेख गर्दै उनले डीएपी मल नपाउने अवस्था रहेको बताए । नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले कोटा प्रणाली मार्फत किसानलाई मल वितरण गर्ने कार्य व्यावहारिक र सहज नभएको बताएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसद सापकोटाले यस्तो बताएका हुन् ।

# सगरमाथा संवाद, जलवायु संकट र भूराजनीति

जलवायु परिवर्तनले विश्वव्यापी संकट सिर्जना गरेको छ र नेपालले यसमा आफ्नो भूमिका र आवाजलाई बलियो बनाउनु आवश्यक छ। छिमेकी मुलुकहरू चीन र भारतको उच्च कार्बन उत्सर्जन र भूराजनीतिक प्रतिस्पर्धाले नेपाललाई जलवायु संकटको सामना गर्न थप जटिल बनाएको छ। सगरमाथा संवादले जलवायु न्याय र दीगो विकासका लागि अन्तरराष्ट्रिय सहकार्य र सहमति आवश्यक रहेको सन्देश प्रवाह गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ। जलवायु परिवर्तनले निम्त्याएको संकट विश्व समुदायलाई सुनाउने र जलवायु न्यायका लागि पैरवी गर्ने मुख्य ध्येयमा सगरमाथा संवाद आयोजना भएको छ । सगरमाथा संवादको सम्मुखमा दक्षिणएशियाका महाशक्ति राष्ट्र भारत पाकिस्तानको युद्धले आंशिक प्रभाव संवादमा पनि देखिएको छ । चीन अमेरिका बीचको व्यापार, कर र प्रविधिको प्रतिस्पर्धा चुलिंदै गएको छ। नेपालका दुई छिमेकी मुलुक चीन र भारत अहिले संवादविहीन मौन कूटनीतिक अवस्थामा छन् ।भारतले जलवायु परिवर्तन, संकट र न्यायका सन्दर्भमा आफ्नै नेतृत्वमा क्षेत्रीय संगठनहरूलाई महत्व दिंदै आएको छ । चीनले पनि जलवायु कूटनीतिलाई बढाउने गतिविधिलाई विस्तारै गति दिंदैछ । यसै मौकामा नेपालले सगरमाथा संवाद मार्फत छिमेकी मुलुक सहित विश्वजगतलाई कस्तो सन्देश दिन सक्छ भन्ने महत्वपूर्ण छ । विश्व राजनीति अहिले जलवायु परिवर्तनका मुद्दा, प्रविधिको उच्चतम विकास र भू-राजनीतिक हलचलले तरङ्गित छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौताबाट बाहिरिने, यूएसआईडी र एमसीसी परियोजनाको स्थगनको घोषणा गरेपछि विश्वव्यापी रूपमा नै त्यसका प्रभावहरू देखिएका छन् । पछिल्लो समय डिपसिक नामक एआई एप सार्वजनिक भएसँगै अमेरिका र चीनबीच आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रतिस्पर्धा पनि चुलिएको छ । अमेरिका र चीनबीच लामो समयदेखि चलिआएको आर्थिक, सैन्य सुरक्षा, औद्योगिक, राजनीतिक, कूटनीतिदेखि सूचनाप्रविधिको प्रतिस्पर्धा झनै पेचिलो हुने संकेत देखिन्छन् । अमेरिका, चीन र भारतको बढ्दो प्रतिस्पर्धाले नेपालमा कस्तो भूराजनीतिक प्रभाव पार्ला भन्ने विभिन्न अनुमान गर्न थालिएको छ ।

नेपाल तराई, पहाड र हिमालको भौगोलिक विविधतासँगै भारत र चीन जस्ता आर्थिक र औद्योगिक महाशक्ति बीचको भूराजनीतिक अवस्थितिबाट यथेष्ट फाइदा लिन सकिरहेको छैन । जलवायु परिवर्तनको असरले वायुमण्डलको तापक्रम क्रमशः बढ्दै गएको छ । यसबाट सबैभन्दा धेरै प्रभावित गरिब, भूपरिवेष्टित र पर्वतीय मुलुकमा नेपाल पनि पर्छ । हिमाली भेगको तापक्रम निरन्तर बढेर सेताम्मे हिमालहरू कालापत्थरमा परिणत हुँदै गएका छन् । हाम्रा घरहरू न त वातानुकूलित छन् न हामीले हरित गृह ग्यासको अत्यधिक उत्सर्जन गर्ने कलकारखाना, उद्योग, सवारी साधन आदिको सञ्चालन नै गरेका छौं । अर्थात्, नेपाल वातावरण संरक्षणमा संवेदनशील छ र कार्बन उत्सर्जनमा नगन्य योगदान रहेको विश्वजगतलाई विदितै छ ।

**जलवायु संकटले मानवमा प्रभाव**

हामी सामु देखिएको ज्वलन्त समस्या जलवायु परिवर्तनका कारणले निम्त्याएको संकट र न्यायका सन्दर्भमा नेपालमा निरन्तर घनीभूत बहस चलिरहेको छ । जलवायु परिवर्तनले जल, जमिन, जंगलदेखि कृषि, भूमि, जैविक विविधता सहित विभिन्न आदिवासी, लोपोन्मुख, सीमान्तकृत, अपाङ्ग, पिछडिएका समुदायहरूमा संकटका पूर्व संकेतहरू देखिन थालिसकेका छन् । जलवायु संकटका बारेमा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको उपस्थिति र सामूहिक प्रयत्नलाई हेर्दा खासै मजबुत देखिंदैन । छिमेकी मुलुक चीन र भारतसँग होस् कि अमेरिका र यूरोपका मुलुकसँग होस् नेपालले संयुक्त रूपमा दरिलो आवाज प्रस्तुत गर्न सकिरहेको छैन । विश्व जगत प्रविधिको उच्चतम सफलताको शिखरतर्फ लम्किंदै गर्दा नेपाल भने जलवायु संकटका कारण प्राकृतिक विपत्तिको सामना गर्नुपर्ने सँघारमा छ । जलवायु संकटबारे एक अध्ययन अनुसार सन् २०३० देखि २०५० सम्म यही दरमा छिमेकी लगायत मित्रराष्ट्रमा कार्बन उत्सर्जन, जीवाश्म इन्धनको प्रयोग बढ्यो, कृषि कर्ममा आधुनिकता र वातानुकूलित भएन भने पिउने पानीका स्रोतहरू क्रमिक रूपमा घट्ने छन् । पानी भएको स्थानमा मानिसहरूको जनघनत्व तीव्र रूपमा बढ्ने छ । एकातिर सेताम्मे हिमालहरू यसरी नै कालापत्थरमा परिणत हुँदै जाने हो भने त्यसको प्रभावबाट नेपाल ज्यादै प्रभावित हुने निश्चित छ । अर्कातर्फ, पानी जस्तो नैसर्गिक आवश्यकताबाट मानिस वञ्चित भए द्वन्द्व र संकटको नयाँ प्रारम्भ हुनसक्ने अध्ययनले स्पष्ट संकेत गरेको छ ।

छिमेकीसँग मात्र होइन हामी अहिले एकआपसमा अन्तरसम्बन्ध भएको ग्लोबल भिलेजको युगमा छौं । यस कारण एउटा समुदायमा भएको जलवायु, स्वास्थ्य र खाद्य सङ्कट अर्को समुदायका लागि पनि उस्तै संकट बन्न जान्छ । त्यसबाट समुदायका लागि सुरक्षा सम्बन्धित संकट उत्पन्न हुन्छ । सुरक्षा संकट विश्वव्यापी चिन्ताको कारण हो । यसको भूराजनीतिक प्रभाव गहिरो हुन्छ । ग्लोबल वार्मिङकै कारण हाम्रा गाउँघरमा उत्पादन हुने रैथाने कृषिबाली, बोटबिरुवा, जडीबुटी तथा अन्य वनस्पति हराउँदै गएका छन् । यसरी सेता हिमाल कालापत्थरमा परिणत हुँदै जाँदा कृषि, स्वास्थ्य, विकास पूर्वाधार, पारिस्थितिक प्रणालीमा हुने क्षतिले मुलुकले ठूलो संकटको सामना गर्नुपर्ने संकेत देखिन्छन् । विश्व अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रूपमा रहेको दक्षिणएसिया क्षेत्रमा आर्थिक वृद्धि र यसको दिगोपना तथा खाद्य सुरक्षामा जलवायु परिवर्तनले चुनौती खडा गरेको छ । दक्षिणएसिया क्षेत्र भौगोलिक, आर्थिक एवं सामाजिक असमानताका हिसाबले विविधतापूर्ण रहेको र जनसंख्याको ठूलो हिस्सा गरिबीको रेखामुनि रहेको अवस्थामा जलवायु परिवर्तनको प्रभावले झनै ठूलो आर्थिक एवं सामाजिक विषमता सिर्जना गर्न सक्नेतर्फ विभिन्न अध्ययनले देखाउँछन् । हामीले पछिल्लो समय सामना गरेका पूर्वसूचकहरूलाई नै विश्लेषण गर्ने हो भने हिमाली भागमा रहेका हिमतालहरूको संवेदनशील अवस्था, पहाडी भेगमा भइरहेका अस्वाभाविक भूक्षय र बाढीपहिरो, तराईमा डुबानले क्षतिका नयाँ रेकर्डहरू बनाएका छन् ।जलवायु परिवर्तनको संकटले निम्त्याएका भयानक संकटहरू हामीले सामना गरिरहेका छौं ।



> विश्व जगत प्रविधिको उच्चतम सफलताको शिखरतर्फ लम्किंदै गर्दा नेपाल भने जलवायु संकटका कारण प्राकृतिक विपत्तिको सामना गर्नुपर्ने सँघारमा छ ।
>
> **भुवन न्यौपाने**

अस्वाभाविक रूपमा हिमताल विस्फोट, हिमपहिरो, सोलुखुम्बुको थामे, सिन्धुपाल्चोकको मेलम्ची र इन्द्रावती नदीमा आएको बाढी, काठमाडौं उपत्यका र कञ्चनपुरमा भएको भारी वर्षा र विपद्को क्षति जलवायुजन्य संकटकै उदाहरण रहेको विज्ञहरूको दाबी छ । जलवायु परिवर्तनका कारण मौसममा आएको परिवर्तन स्वरूप बढ्दो तापमान, अनावृष्टि, अतिवृष्टि, बाढीपहिरो, नदी कटान, कृषि बालीको भौतिक क्षति आदिका कारण कृषि उत्पादनका क्षेत्रमा निकै नकारात्मक प्रभाव परिरहेको छ । नेपालले अहिले जनजीविकोपार्जन र राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने जलवायु संकटको सामना गरिरहेको छ । विभिन्न अध्ययनहरूले जलवायु परिवर्तनका कारण वर्तमानमा चिन्ता र भविष्यमा भयानक संकट निम्तिने संकेत स्पष्ट छ । एशियाली विकास बैंक (एडीबी)ले हालै सार्वजनिक गरेको एक अनुसन्धान प्रतिवेदनले जलवायु परिवर्तनको प्रभावले विकासशील एसिया र प्रशान्त क्षेत्रमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) लाई सन् २०७० सम्ममा १७ प्रतिशतले घटाउन सक्ने देखाएको छ । अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययन अनुसार हिन्दकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतभन्दा तीन गुणा बढी छ । इसिमोडका अनुसार यस क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढेको थियो । यस्ता अध्ययनहरूले विश्वव्यापी रूपमा नै जलवायुजन्य संकटको चाप बढिरहेको देखाएका छन् । विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ)द्वारा प्रकाशित २०२४ को जलवायु अवस्था प्रतिवेदनले जलवायुजन्य संकटलाई औंल्याएको छ । जलवायु परिवर्तन सम्बन्धी अन्तरराष्ट्रिय अन्तरसरकारी समूह (आईपीसीसी)को छैटौं प्रतिवेदनले जलवायु परिवर्तनको सबैभन्दा बढी जोखिम पहाडी क्षेत्र, त्यसमा पनि हिमाली क्षेत्र र अझै नेपालका पर्वतीय क्षेत्रहरूमा रहेको देखाएकाले जोखिम न्यूनीकरणमा जोड दिन आवश्यक रहेको उल्लेख गरेको छ । जलवायुले हिमाली क्षेत्रमा परेको असर न्यूनीकरणका लागि अन्तरराष्ट्रिय जलवायु वित्त सहयोग आवश्यक पर्ने भन्दै जलवायु वित्त बढाउन नेपालले हारगुहार गरिरहेको छ ।

**कार्बन उत्सर्जन र जलवायु वित्त**

सन् २०२४ मा समग्र कार्बन उत्सर्जनको तथ्यांकमा छिमेकी मित्र राष्ट्र चीन विश्वकै सबैभन्दा धेरै कार्बन उत्सर्जन गर्ने देश हो । विश्वमा हुने कुल औद्योगिक उत्पादनको ३१ प्रतिशत हिस्सा चीन मात्र हुने तथ्यले देखाउँछ । यसको कुल उत्सर्जन करिब १२ हजार मेगाटन हो भने प्रति व्यक्ति कार्बन उत्सर्जन करिब ८.४ टन छ । भारत दोस्रो स्थानमा छ । भारतको कुल उत्सर्जन लगभग २९०० मेगाटन हो भने प्रति व्यक्ति २ टनभन्दा कम छ । नेपालको कार्बन उत्सर्जन तुलनात्मक रूपमा निकै कम छ । जुन लगभग ०.०५ मेगाटन कार्बनडाइअक्साइड हो जुन प्रति व्यक्ति ०.३ टन मात्र हुन्छ । चीन र भारतमा कोइला र प्राकृतिक ग्यासको अत्यधिक प्रयोग, औद्योगिक उत्पादन, यातायात र ऊर्जा उत्पादनमा बढी देखिन्छ । नेपालमा त्यो कृषि क्षेत्र, यातायात र निर्माणमा सामान्य छ । जलवायु वित्तको तथ्यांकलाई अध्ययन गर्दा भारत र चीन दुवै छिमेकी मित्र राष्ट्रको सहयोग र समन्वयको अग्रसरता देखिंदैन । अर्को शक्तिसम्पन्न मुलुक अमेरिका जलवायु वित्तका सबै सम्झौताबाट बाहिरिएको छ । नवीकरणीय ऊर्जा स्रोतहरूमा चीन र भारत ठूलो मात्रामा सौर्य, जल र वायु ऊर्जामा लगानी बढाएका छन् । नेपालमा जलविद्युत्को उच्च सम्भावना र योगदान रहेको छ । तर, जलवायु परिवर्तन र लगानी अभावका कारण पूर्ण रूपमा उपयोग हुन सकेको छैन । स्वयम् मित्रराष्ट्रहरूले हरित ऊर्जा जलविद्युत् उत्पादनमा लगानी र उपभोगमा समन्वयात्मक भूमिका निर्वाह गर्नु भन्दा पनि भूराजनीतिक प्रतिस्पर्धामा उभिएका छन् । कार्बन न्यूनीकरणका प्रयासमा चीनले सन् २०६० र भारत सन् २०७० सम्म कार्बन तटस्थ बन्ने लक्ष्य छ भने नेपालले सन् २०४५ सम्म कार्बन न्यूनीकरणमा योगदान पुर्‍याउने योजनामा केन्द्रित छ । चीन र भारतको कार्बन उत्सर्जन उच्च भए पनि दुवै देशले उत्सर्जन घटाउन उत्तिकै गम्भीर देखिंदैनन् । नेपालको उत्सर्जन न्यून छ, साथै दिगो विकासको लागि स्वच्छ ऊर्जा र वातावरणमैत्री नीति अवलम्बनतर्फ प्रतिबद्ध छ । भौगोलिक स्थिति र स्रोतहरूको पहुँचका कारण नेपाल नवीकरणीय ऊर्जाको विकासमा उत्कृष्ट उदाहरण बन्न सक्छ । तर, हिमालबाट बहने जलस्रोतमा निर्भर आयोजनाहरू हिमाल नै पग्लिंदै गए भने कसरी दिगो हुन सक्छन् भन्ने भावी चुनौती गम्भीर छ । विश्वको दोस्रो र पाँचौं ठूलो अर्थतन्त्र हुँदाहुँदै पनि चीन र भारतले जलवायु वित्तीय योगदानमा स्वेच्छिक प्रतिबद्धता जनाउन सकेका छैनन् । भारतले कोप-२९ लाई ‘प्राविधिक कोप’ भन्दै यसको महत्वलाई अनदेखा गरिरहेको छ । जलवायु वित्तको योगदानलाई लिएर भारतले आफूलाई विकसित मुलुक मान्दैन । कार्बन तटस्थता र हरित प्रविधिमा लगानीप्रति चीनले प्रतिबद्धता जनाएको छ । तर, चीनले आफूलाई ‘विकासोन्मुख देश’ मान्ने अडान कायमै राखेको छ ।

# हावाहुरीका कारण उडान प्रभावित, ८ विमान 'डाइभर्ट'




काठमाडौं। हावाहुरीका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आन्तरिक उडान पूर्ण रुपमा प्रभावित भएको छभने अन्तर्राष्ट्रियतर्फका विमानहरु केहीबेर आकाशमै फन्को मारेर अवतरण गरेका छन्। विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार आन्तरिकतर्फ विभिन्न एयरलाइन्सका आठ विमान 'डाइभर्ट' भएका छन् । "अहिले आन्तरिक उडान प्रभावित भएको छ। पूर्वबाट काठमाडौं आएका विमान पूर्वतिरै डाइभर्ट भएका छन् । काठमाडौंबाट पश्चिमतर्फ उडेका विमान काठमाडौंनै डाइभर्ट भएका छन", प्रवक्ता शेर्पाले भने ।उनका अनुसार चन्द्रगढी, विराटनगर, जनकपुर , भैरहवा, नेपालगञ्ज, धनगढी, सुर्खेतलगायत स्थानबाट उडेका विमान डाइभर्ट भएका हुन् ।श्री एयरलाइन्सको विराटनगरबाट काठमाडौं उडेको विमान विराटनगरै फर्किएको छ। यती एयर लाइन्सको विराटनगर-काठमाडौं उडानका दुई विमान डाइभर्ट भएका छन् । भद्रपुरबाट काठमाडौंका लागि उडेको बुद्ध एयरको विमान भद्रपुर नै फर्किएको छ । बुद्ध एयरको काठमाडौंबाट सुर्खेत उडेको विमान हावाहुरीका कारण काठमाडौं नै फर्किएको छ ।त्यसैगरी काठमाडौंबाट धनगढी उडेको श्री एयरलाइन्सको विमान काठमाडौं नै फर्किएको छ। श्री एयर लाइन्सकै काठमाडौं भैरहवा उडानको विमान पनि काठमाडौं फर्किएको छ। सोही एयरलाइन्सको काठमाडौंबाट सुर्खेत र भैरहवा उडेका दुवै विमान काठमाडौं फर्किएका छन्। बुद्ध एयर को काठमाडौं-नेपालगञ्ज उडानको विमान पनि काठमाडौं फर्किएको छ। काठमाडौंमा आज अपरान्हदेखि मौसम बदली भई हावाहुरीसहित वर्षा भएको छ।

# नेपाल निजामती कर्मचारी युनियनको आपत्ति

काठमाडौं । संघीय निजामती सेवा सम्बन्धी विधेयकमा माग ५ वर्ष सेवा अवधि पूरा गरेकालाई एक तह र १० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई एक श्रेणी बढुवाको व्यवस्था गर्नुपर्ने लगायतका विभिन्न मागहरु नसमेटिएपछि नेपाल निजामती कर्मचारी युनियनले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै आपत्ति जनाएको छ। 'संघीय निजामती सेवा ऐनमा समेटनु पर्ने विषयका सन्दर्भमा नेपाल निजामती कर्मचारी युनियनले नेपाल सरकार र सरोकारवाला निकायलाई पटक पटक ध्यानाकर्षण गर ाउदैं आएको छ,जारी प्रेस विज्ञप्तिमा भनिएको छ,'यस सन्दर्भमा राज्य व्यवस्था तथा सुशासन समितिमा भएका छलफलमा हामीले उठाउँदै आएका माग/मुद्धाहरुको सम्बोधन हुने आश्वासन प्राप्त भएतापनि वृत्ति विकास लगायतका महत्वपुर्ण विषयहरु प्राथमिकतामा परेको नदेखिएको र राज्य व्यवस्था तथा सुशासन समितिले गम्भिरतापुर्वक नलिएको महसुस भएको छ ।'यी हुन् नेपाल निजामती कर्मचारी युनियनले राखेका मागहरू ५ वर्ष सेवा अवधि पुरा गरेकालाई एक तह र १० बर्ष सेवा गरेका कर्मचारीलाई एक श्रेणी बढुवाको व्यवस्था गर्नुपर्ने ६० वर्षे उमेरहद ६/६ महिनाका दरले लागू गर्नुपर्ने, अतिरिक्त सचिवको निश्चित सेवा अवधि कायम गर्नुपर्ने लगायतका वृत्ति विकासका विषय, संघ/प्रदेश/स्थानीय तीनै तहमा कार्यरत कर्मचारीलाई निजामती कर्मचारीको परिभाषामा समेट्नुपर्ने एकपटकलाई समायोजन पुनरावलोकन गर्नुपर्ने, उपसचिव/सहसचिवको प्रतिस्पर्धाका लागि साविकको व्यवस्थाबमोजिम क्रमश ५ वर्ष / ७ वर्ष सेवा अवधि कायम गर्नुपर्ने खुलातर्फको विज्ञापनमा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि भएका राजपत्र अनंकित कर्मचारीले पनि प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गर्नुपर्ने श्रेणीविहीन पदमा साविकको पदपूर्तिको व्यवस्था कायम गर्ने र तह संख्या थप गरी तहवृद्धि गर्नुपर्ने करारका कर्मचारीलाई समूचित व्यवस्थापन एवम् आवश्यक सेवा सुविधाको व्यवस्था गर्नुपर्ने उल्लेखित मागहरुलाई समावेश नगरी राज्य व्यवस्था तथा सुशासन समितिबाट विधेयक पारित भएको विषयप्रति नेपाल निजामती कर्मचारी युनियनले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।यी विषय विधेयकमा समावेश नभएमा कर्मचारीको मनोवल कमजोर हुनुका साथै कार्यसम्पादन क्षमतामा समेत ह्रास आउने भएकाले मागलाई अनिवार्य रुपमा सम्बोधन गर्न नेपाल निजामती कर्मचारी युनियनले जोडदार माग गरेको छ। माग सम्बोधन नभएमा काम रोक्नेसम्मका सशक्त आन्दोलन गर्न बाध्य हुनपर्ने अवस्था सिर्जना हुने भएकाले तीन वटै तहमा कार्यरत कर्मचारीहरुलाई तयार रहन आग्रह समेत गरिएको छ। विधेयक राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भइसकेको छ।


## जनहितमा जारी सन्देश !

- पानीको गुणस्तरमा कुनै सम्झौता नभएकाले गुणस्तरीय स्वच्छ पानी पिऔं र पानीजन्यहुने रोगबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।
- पानीको महसुल समयमा नै भुक्तनी गरौं, जरिवानाबाट बचौं ।
- पानी नियमित वितरण हुनेछ र कुनै बेला वितरणमा समस्या आएमा संस्था क्षमाप्रार्थी छ ।
- पानी तथा पाइपलाईनमा समस्या आएमा प्रविधिकलाई सम्पर्क गर्न सक्नुहुने छ ।

"स्वस्थ पानी पिऔं, स्वस्थ जिवन जिऔं ।"

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
गौर,रौतहट



## डेङ्गुबाट बच्ने निम्न उपाय अपनाऔं :

१. घरभित्र भण्डार गरेर राखिएको पानी राम्ररी छोपेर राख्ने ।

२. डेगु लामखुट्टेको टोकाईबाट मानिसमा सर्ने भएकोले यसको टोकाईबाट बच्न पुरा शरीर ढाकिने कपडा लगाउने साथै शरीरका देखिने भागमा लामखुट्टेले नटोक्ने मलम जस्तै ओडोमोसो लगाउने ।

३. घर बिधालयको अध्यारो कुना काप्चा, जस्तै पर्दा पछाडि खाटमुनी, शौचालयभित्र, डेस्क बेन्च मुनि आदि जस्ता जस्ता ठाउँहरूमा किटनाशक औषधी छर्कने ।

४. थोरै पनि जम्ने ठाउँहरूमा पनि पानी जम्न नदिई समय समयमा सफा गर्ने ।

५. दिउँसो सुत्दा पनि झुलको प्रयोग गर्ने । रोगको प्रकोप भएको बेला सम्बन्धीत विषय विज्ञहरूको सल्लह बमोजिम लामखुट्टे विरुद्ध किटनाशक विषदी छिडकाउ कार्यक्रम संचालन गर्ने ।

६. डेगु ज्वरोको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा तुरुन्त संपर्क गर्नु पर्दछ । यो रोग चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको प्रत्यक्ष निगरानीमा उपचार निको हुन्छ ।

७. घरको झयाल ढोका लामखुट्टे नछिर्ने जाली हाल्ने ।

स्वास्थ्य कार्यालय
गौर,रौतहट



## वृन्दावन नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

१. होटल तथा घरहरुमा खाना बनाई सकेपछी राम्ररी आगो तथा ग्यास निभाउ ।
२. चुरोट सल्काई जथा भावि नफालौं ।
३. ग्यास चुलोको काम सकी सके पछी रेगुरेटर जहिले पनि बन्द गरौं ।
४. जथा भावि आगो नबालौं ।
५. आगो बालिसके पछी राम्ररी निभाउ।
६. पसल वा कोठा वन्द गर्दा जहिले पनि स्विच बन्द गरौं ।
७. पेट्रोलियम पदार्थ, तथा ग्यास सिलेन्डरको वरी परी आगो नबालौं ।
८. मछर धूप जथाभावि नवालौं सुरक्षित तरिकाले बालौ।
९. सलाई र लाईटर बच्चाहरुको पहुंच बाट टाढा राखौं ।
१०. आगो लागेको वेला लिफ्टको प्रयोग नगरी सिढी प्रयोग गरौं।

बिनोद पटेल
नगर प्रमुख



## माधव नारायाण नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं ।
२. हावाहुरी चल्न थालेपछि झ्याल ढोका बन्द गरौ ।
३. छतका गमला सुरक्षित रुपमा राखौ ।
४. जस्तापाता लगायतका वस्तुहरु खुला नछाडौ ।
५. सवारी साधनमा रहदा हावाहुरी चलेमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौ ।
६. हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔ ।

नागेन्द्र राय यादब
प्रमुख प्रशासकीय अधिकृत

# रवीन्द्र मिश्रलाई थुनामुक्त गर्न आदेश

काठमाडौं । सर्वोच्च अदालतले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का उपाध्यक्ष रवीन्द्र मिश्रलाई थुनामुक्त गर्न आदेश गरेको छ। शुक्रबार न्यायाधीशद्वय कुमार चुँडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मिश्रको बन्दी प्रत्यक्षीकरण रिटमाथि सुनुवाई गर्दै मिश्रलाई उनका कानुन व्यवसायीको जिम्मा लगाएर तत्काल रिहा गर्न आदेश गरेको हो ।



मिश्रका तर्फबाट श्रीमती सारिका कार्कीले मंगलबार बन्दी प्रत्यक्षीकरण रिट दायर गरेकी थिइन्। उक्त रिटमाथि बुधबार न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले कारण देखाऊ आदेश जारी गर्दै अनुसन्धानको मिसिलसहित २४ घण्टाभित्र मिश्रलाई इजलासमा उपस्थित गराउन आदेश गरेको थियो ।

शुक्रबार सर्वोच्चले थुनामुक्त गर्न आदेश गर्दै मिश्रसँग सम्बन्धित अधिकांश प्रमाण संकलनको कार्य सम्पन्न भइसकेको देखिएको र थप प्रमाण संकलन गर्नुपर्ने भएमा संकलन गर्न नसकिने अवस्था पनि नरहेको उल्लेख गरेको छ। जसकारण मिश्रलाई हिरासतमै राख्नुपर्नेसम्मको अवस्था नदेखिएको ठहर सर्वोच्चले गरेको छ। पछि मुद्दा चल्ने अवस्था आएमा वा थप प्रमाण बुझ्नुपर्ने भएमा जिल्ला प्रहरी कार्यालयले खोजी गरेका बखत उपस्थित गराउने गरी कानून व्यवसायीको जिम्मा लगाई तत्काल थुनाबाट मुक्त गरिदिन आदेशमा भनिएको छ।

तीनकुनेमा अवाञ्छित गतिविधि गरेको आरोपमा गत चैत १५ गते पक्राउ परेका मिश्रले सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिएका थिए। राज्यविरुद्धको कसुरमा थुनामा रहेका मिश्रलाई वैशाख १० मा नै जिल्ला अदालतले हाजिर जमानीमा छाड्न ध्यानाकर्षण गराएको उल्लेख गर्दै सर्वोच्चले उनलाई रिहा गर्न आदेश गरेको छ ।

# जलवायु परिवर्तनको विषयमा नेपालसँग विश्व प्रतिबद्ध छ : परराष्ट्रमन्त्री

काठमाडौँ । परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले सगरमाथा संवादमा सहभागीहरूले जलवायु परिवर्तनको विषयमा नेपालसँग आफ्नो प्रतिबद्धता जनाएको बताएकी छन् । शुक्रबारदेखि सुरु भएको सगरमाथा संवाद २०२५ को उद्घाटन सत्रपछि पत्रकारसँग कुरा गर्दै मन्त्री राणाले सो कुरा बताएकी हुन् । उनले उद्घाटन सत्रमा बोल्ने सहभागीहरूले जलवायु परिवर्तनको विषयमा नेपालको कुरामा समर्थन जनाएको बताइन् । नेपालले जलवायु सम्बन्धी विषय उठाउँदै आएको कुरामा सम्पूर्ण सहभागी देशहरू सकारात्मक रहेको बताउँदै उनले सबै सहभागीलाई धन्यवाद समेत दिइन् । संवादको पहिलो दिन उद्घाटन सत्र र 'जलवायु परिवर्तन, पर्वतहरू र मानव भविष्य' विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीदेखि विभिन्न देशबाट आएका प्रतिनिधिहरूले आफ्ना धारणा राखेका थिए । कार्यक्रममा संयुक्त राष्ट्रसङ्घ (यूएन) का वर्तमान महासचिव एन्टोनियो गुटेरेसले आफ्नो भिडियो सन्देश पठाएका थिए । त्यस्तै सो सत्रमा चीनबाट राष्ट्रिय जनकंग्रेसका स्थायी समिति उपाध्यक्ष सियाओ जिए, भारतबाट वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भुपेन्द्र यादव र कोप-२९ का अध्यक्ष एवं अजरबैजानका पारिस्थितिकी तथा प्राकृतिक स्रोतमन्त्री मुख्तार बाबायेभले जलवायु परिवर्तनको विषयमा आफ्नो धारणा राखेका थिए । त्यस्तै जापानकी विदेश मामिलाका लागि संसदीय उपमन्त्री इकुइना आक्यिको, भारतका अतिरिक्त सचिव अमनदीप गर्ग, कतारका जलवायु परिवर्तनसम्बन्धी विशेष दूत एवम् विदेश मामिला मन्त्रीका उपमन्त्री बाडर ओमर अल दाफा, भुटानका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री जेम छिरिङ, बंगलादेशकी सामाजिक कल्याण मन्त्रालय तथा महिला तथा बालबालिका मामिला मन्त्रालयकी सल्लाहकार शर्मिन सोनेया मुर्शिद, बेलायतका संसदीय र राज्यमन्त्री बारोनेस सुजन हेयम्यान, किर्गिस्तानका राष्ट्रपतिकी विशेष प्रतिनिधि दिनारा केमेलोभा, नेपालका वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी, नेपालका लागि ब्राजिलका राजदूत कार्लोस अल्बर्टो मिकाएल्सेन डेन हार्टोग, नेपालका लागि इजिप्टकी राजदूत नोहा हम्दी अहमद एलगेबाली, भारतका लागि ओमानका राजदूत इस्सा बिन सालेह अल शिबानी र नेपालका लागि पाकिस्तानका राजदूत अबरार एच हाश्मीले जलवायु परिवर्तनसम्बन्धी आफ्नो धारणा राखेका थिए । यो कार्यक्रममा जुन देशमा हिमाल छैन त्यो देशले पनि जलवायु परिवर्तनको विषयमा आफ्नो धारणा राखेका र त्यसका लागि सबै मिलेर साझा धारणा बनाएर अगाडि बढ्ने परराष्ट्रमन्त्री राणाले बताइन्। महासचिव गुटेरेसले हिमालय क्षेत्रमा भइरहेको असरका बारेमा आफ्नो धारणा राखेको बताउँदै मन्त्री आरजुले कार्यक्रम सफलताको कामना गरेको बताइन् । कोपका अध्यक्ष मुख्तार बाबायेभलले आफूहरूको पूरै जीवन हिमालसँग जोडिएकोले यसको बारेमा सबै एकजुट भएर अगाडि बढ्नुपर्ने धारणा राखेको उनले बताइन्। अध्यक्ष मुख्तारले कोप २९ ले गर्दै आएको कामको बारेमा पनि जानकारी गराएका

## रौतहटमा मापदण्ड.................................

टोलीले नियम कानुन विपरीत नदी दोहन गरेको पाइए कडा कारवाही गर्ने चेतावनी दिएको प्रजिअ खड्काले भने । खोलाको दोहन नियन्त्रण गर्न हामी सबै सरोकार वाला निकायले कडाइका साथ लाग्नुपर्ने तथा अवैध रुपमा भइरहेको नदी, खोलाको दोहन रोक्न सम्बन्धित निकायलाई निर्देशन गरिएको प्रमुख जिल्ला अधिकारी खड्काले बताए । क्रसर उद्योगमा यसरी अवैध रुपमा राखिएको नदी जन्य पद्धार्थको स्रोत खोज्न, त्यसको स्टक सहितका भ्याट हेर्न सम्बन्धित निकायलाई निर्देशन दिदै नदी, खोलाबाट प्रति नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई निगरानी राख्न पनि निर्देशन दिइएको बुझिएको छ। व्यवसायीले सकार गरेको मापदण्ड विपरीत खोलाको धारलाई परिवर्तन हुने, मानव बस्तीलाई जोखिममा पार्ने, बाँधलाई असर पर्ने खालको मेसिन लगाएर उत्खनन गरिएको पाइएमा कानुन बमोजिम कारबाही हुनेछ । नदीजन्य वस्तु निकासी गर्दा प्रयोग गरेको बाटो बिग्रेमा व्यवसायी स्वमले मर्मत गर्नुपर्ने र विवादरहित ढंगबाट पारदर्शी रूपमा स्थानीय तहले ध्यान दिएर काम गराउन स्थानीय तहसँग आग्रह गर्दै विकास निर्माणको कार्य वा अन्य प्रयोजनबाहेक भण्डार गर्ने कार्यमा समेत स्थानीय तहले रोक लगाउनु उनले स्पष्ट पारे । अनुगमनका क्रममा देखिएका केही कमी कमजोरीका विषयमा ठेकेदारलाई सचेत गराई कानुन अनुसार उत्खनन् र संकलन गर्न निर्देशन दिइएको जिल्ला समन्वय समिति रौतहटका प्रमुख तथा अनुगमन समितिका संयोजक राम अयोध्या प्रसाद यादवले बताए । जिल्लाका विभिन्न नदी र खोलामा नदीजन्य पदार्थको अवैध उत्खनन्को नियन्त्रण तथा नियमन गर्नका लागि अनुगमनको कार्य नियमित रुपमा भइरहेको समन्वय समितिका प्रमुख यादवले भने। अवैध तरिकाले नदी दोहन गरी अर्थात् नदीजन्य पदार्थ उत्खनन गरी क्रसर उद्योगमा भण्डारण गरेर राख्ने र चर्को मूल्यमा बिक्री गर्ने क्रम बढेपछि रौतहटका सुरक्षा निकाय र जिल्ला समन्वय समितिले अवैध नदी उत्खनन कार्य रोक्न अनुगमन निरीक्षण गर्न थालेका छन् । जिल्ला समन्वय समितिका प्रमुख यादव, प्रमुख जिल्ला अधिकारी खड्का, नेपाल प्रहरीका एसपी नेत्रमणि गिरी, सशस्त्र प्रहरीका एसपी सन्तोषकुमार बस्नेत, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभिनयकुमार सिंह सुरक्षा पदाधिकारी तथा जिल्ला अनुगमन समितिका पदाधिकारीहरुले खोलाजन्य पदार्थको उत्खनन, निकासी तथा क्रसिङ हुने प्रमुख स्थानहरुको स्थलगत अनुगमन गरे ।


## हाम्रो अनुरोध

सिचाई आयोजनाको संरक्षण गरौं ।
सिचाई आयोजनाको सदुपयोग गरौ, उत्पादन बढाऔं ।
सिचाई पूर्वाधार, कृषि विकासको आधार ।
तटिया क्षेत्रमा सजग र सचेत बनौ ।
चुरे क्षेत्रको संरक्षण गरौ ।
खोला नाल संरक्षण गरौ ।

**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गौर,रौतहट**

## गरुडा नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. होटल तथा घरहरुमा खाना बनाई सकेपछी राम्ररी आगो तथा ग्यास निभाउ ।
२. चुरोट सल्काई जथा भावि नफालौं ।
३. ग्यास चुलोको काम सकी सके पछी रेगुरेटर जहिले पनि बन्द गरौं ।
४. जथा भावि आगो नबालौं ।
५. आगो बालिसके पछी राम्ररी निभाउ।
६. पसल वा कोठा वन्द गर्दा जहिले पनि स्विच बन्द गरौं ।
७. पेट्रोलियम पदार्थ, तथा ग्यास सिलेन्डरको वरी परी आगो नबालौं ।
८. मछर धूप जथाभावि नवालौं सुरक्षित तरिकाले बालौ।
९. सलाई र लाईटर बच्चाहरुको पहुंच बाट टाढा राखौं ।
१०. आगो लागेको वेला लिफ्टको प्रयोग नगरी सिढी प्रयोग गरौं।

**कन्थमणी प्रसाद जयसवाल**
**नगर प्रमुख**

## गढिमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश

१. हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं ।
२. हावाहुरी चल्न थालेपछि झ्याल ढोका बन्द गरौ ।
३. छतका गमला सुरक्षित रुपमा राखौ ।
४. जस्तापाता लगायतका वस्तुहरु खुला नछाडौ ।
५. सवारी साधनमा रहदा हावाहुरी चलेमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौ ।
६. हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔ ।

**नागेन्द्र राय यादब**
**प्रमुख प्रशासकीय अधिकृत**